# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

## भवन/सटर/कवल बहालमा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०२।३०)

बनेपा नगरपालिकाको वडा नं. ८ स्थित बसपार्कमा रहेको नयाँ सपिङ कम्प्लेक्स (पूर्वतर्फ)को बहाल रकम बढीबढाउको माध्यमबाट उठाउने/संकलन गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको मिति २०८२।०२।२७ को निर्णय अनुसार आर्थिक वर्ष २०८२।०८३ र २०८३।०८४ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी एकतीसौं दिनको १२.०० बजेसम्म रीतपूर्वक बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरुः

1. बोलपत्र फारम बनेपा नगरपालिकाको राजस्व शाखाबाट रु.३,०००।- (तीन हजारमात्र) (पछि फिर्ता नहुने) भुक्तानी गरी प्राप्त गर्न सकिने छ ।
2. यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले तीसौं दिनको कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र एकतिसौं दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ ।
3. दर्ता भएका बोलपत्र फारमहरू यो सूचना प्रथम पटक प्रकशित मितिले एकतिसौं दिनको ३:०० देखि ५:०० बजे भित्र नियमानुसार यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नवीकरणको प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।
4. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो पश्चात कार्यालय खुल्ने पहिलो दिन हुनेछ ।
5. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।
6. बोलपत्रदाताले आफुले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।
7. बोलपत्र दाताले धरौटी बापत दुई वर्षको न्यूनतम कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि., बनेपा शाखामा रहेको धरौटी खाता नं. ०१५०३०००००३०००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।
8. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी सम्झौता भई कार्यादेश पाउने मितिले २५ महिनासम्म म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको पाँच प्रतिशत रकम छुट दिइनेछ र अग्रीम दाखिला गर्दा यस कार्यालयको नामको नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको यस कार्यालयले उपलब्ध गराउने आम्दानी खातामा दाखिला गरेको बैंक भौचरको सक्कलै प्रति सम्झौताका लागि उपस्थित हुंदा पेश गर्नुपर्नेछ ।
9. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी सम्झौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

10. ठेक्का सम्झौता भई कार्यदिश पाएको मितिबाट प्रारम्भ दुई वर्षसम्म कायम रहनेछ ।
11. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाता ठेकेदारले बुझाउनु पर्नेछ ।
12. साविकमा बसिरहेका भाडावालाहरुलाई पसल खाली गराउने वा समन्वय गर्ने प्रयोजनका लागि बोलपत्र स्वीकृत भएका मितिले ३५ दिन तयारी म्याद कटाएर मात्र कार्यदिश दिइने छ ।
13. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।
14. बहालमा लिएको सपिङ कम्प्लेक्समा प्रयोग हुने पानी, बिजुली लगायतका सुविधाको बील बमोजिमको महशुल आदि बुझाउने दायित्व स्वीकृत ठेकेदारको रहने छ । यदि आर्थिक वर्षभित्र पूरै रकम भुक्तानी नगरेमा बाँकी बक्यौता बैंक ग्यारेन्टीबाट असूल उपर गरिन्छ । तोकिए बमोजिमको शुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।
15. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय-समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ । साथै कार्यालयलाई आवश्यक भई सम्झौतामा उल्लेखित सबै वा कुनै खण्ड खाली गर्न निर्देशन भएमा त्यस्तो निर्देशन प्राप्त भएका मितिले ३५ दिन भित्र त्यस्तो खण्ड खाली गरिदिनुपर्ने छ ।
16. ठेक्का सम्झौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय मान्य हुनेछ ।
17. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
18. यो सूचना यस कार्यालयको Website: www.banepamun.gov.np मा हेर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि बनेपा नगरपालिकाको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।
19. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

ठेक्का सम्बन्धी विवरण

| क.सं. | ठेक्का नं. | कामको विवरण | एक वर्षको न्यूनतम कबोल अंक(मु.अ.कर समेत) | ठेक्का अवधि | धरौटी रकम न्यूनतम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रा.४।२०८१।८२ | बनेपा नगरपालिका वडा नं. ८ स्थित बसपार्कमा रहेको नयाँ सपिङ कम्प्लेक्स (पूर्वतर्फ)को पहिलो तल्लाको पूर्वतर्फको एकवटा सटर बाहेक सबै कोठा/सटरहरुको बहाल संकलन गर्ने | रु.४०,२१,२००।- (चालिस लाख एक्काइस हजार दुई सय मात्र) | २ वर्ष | ५% | |

प्रमुख प्रशासकीय अधिकृत